कर्णालीका किसानलाई अनुदान कार्यक्रम 'धितो राख्न नसक्नेलाई हर्ष न बिस्मात'

प्रकाश पन्त
सुर्खेत, बीबीसी न्यूज नेपाली

३० नोभेम्बर २०२०

PRAKASH PANT

सोझै अनुदान दिँदा रकम दुरुपयोग हुने र वास्तविक किसानले नपाउने अवस्थाको अन्त्य गरी कर्णालीका किसानलाई व्यावसायिक बनाउने भन्दै प्रदेश सरकारले कृषि ऋणमा व्याज अनुदान सहुलियत कार्यक्रम

ल्याएको छ।

उक्त कार्यक्रमअन्तर्गत किसानले आफ्नो व्यवसाय प्रवर्धन गर्न कृषि विकास ब्याङ्कबाट एक करोड रुपैयाँसम्मको ऋण लिँदा लाग्ने ९ प्रतिशत ब्याजमध्ये ७ प्रतिशत प्रदेश सरकारले तिरिदिन्छ भने किसानले २ प्रतिशत मात्रै तिर्नुपर्छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले अढाई अर्ब रुपैयाँ ऋण लगानी गर्दा ब्याज तिर्न पुग्नेगरी यो वर्ष ७ करोड रुपैयाँ विनियोजन गरेको जनाएको छ ।

किसानलाई कति लाभदायी?

ऋण लिन ब्याङ्कमा अनिर्वाय रूपमा धितो राख्नुपर्ने भएपछि किसानहरू यसको लाभ आफूहरूले भन्दा पनि धनी र हुनेखाने व्यक्तिले मात्रै लिने बताउँछन्।

- सन्तान भन्दा प्यारो स्याउ
- गोरु छोडेर ट्र्याक्टर जोत्दै किसान

उनीहरू भन्छन्, "सरकारले ब्याजमा सहुलियत दिए पनि हामी धितो राखेर ऋण लिन सक्दैनौँ। त्यसैले यसबाट ठूला लगानीकर्ताहरूले मात्रै फाइदा लिन्छन्।"

दश वर्षदेखि व्यावसायिक रूपमा तरकारी खेती गरिरहेका सुर्खेतका किसान वीरेन्द्र घर्ती किसानसँग धितो राख्ने सम्पत्ति नहुने भएकोले ऋण लिएर कृषि व्यवसाय प्रवर्धन गर्ने इच्छा भए पनि चाहिए जति ऋण लिन नसक्ने बताउँछन् ।

"गाउँको जग्गा धितो राखेर किसानले ब्याङ्कबाट ऋण लिन सक्दैनन्," उनी भन्छन्, "त्यसैले हामीजस्ता किसानको लागि 'कागलाई बेल पाक्यो हर्ष न बिस्मात'जस्तै हो।"

नाम मात्रको कृषि व्यवसाय गरेका कतिपय व्यक्तिले सहर बजारका घरघडेरी, जग्गा-जमिन धितो राखेर सहुलियत ब्याजको ऋण सजिलै लिन सक्ने उनको भनाइ छ ।

RAJENDRA MISHRA

मझौला र ठूला किसानलाई कस्तो फाइदा?

ऋण लिएर व्यवसाय गर्ने चाहना भएका तर धितो राख्न नसक्ने किसानलाई पनि यो कार्यक्रमले समेट्नुपर्ने उनीहरू बताउँछन्।

एक दशकदेखि आलुको बीउ उत्पादन गर्दै आएकी किसान ज्ञानु भुषाल धितो राख्न नसक्ने तर कृषिबाट राम्रो आम्दानी गरिरहेका किसानलाई उत्पादनको आधारमा ऋण दिने व्यवस्था गर्नुपर्ने बताउँछिन्।

- कर्णाली: आर्थिक वर्षको अन्त्यमा निकासा दिइएको ६१ करोड रुपैयाँ, 'बाँडचुँड' गरिने जोखिम

उनी अनुदानको लागि मात्रै कृषि पेसा अँगालेका व्यक्तिले व्याज अनुदान कार्यक्रमबाट बढी फाइदा उठाउन सक्नेमा आशङ्का व्यक्त गर्छिन्।

कृषिका जानकार पनि कृषि व्यवसायको लागि अनुदान लिएर अरू व्यवसायमा लगाएको विगतबाट पाठ सिकेर त्यस्तो प्रवृत्ति दोहोरिन दिन नहुने बताउँछन्।

"ब्याज अनुदानमा ठूलो रकम ऋण लिएर जग्गा किन्नेदेखि अरू व्यवसायमा पनि लगाउन सक्ने सम्भावना हुन्छ," कृषिविज्ञ छविलाल पौडेल भन्छन्, "त्यसैले दुरुपयोग रोक्नुपर्छ।"

किसानको लागि धेरै राम्रो भएपनि यो कार्यक्रमले मझौला र ठूला किसानलाई मात्रै फाइदा पुग्ने दाबी गर्दै उनी साना र विपन्न किसानको लागि बिनाधितो ऋण दिने व्यवस्था गर्नुपर्नेमा जोड दिन्छन्।

02:03

लागि गाउँका समूह र सहकारी जमानीमा बसेर ऋण दिने व्यवस्था गर्नुपर्ने बताउँछन्।

समूह-सहकारी जमानी बसे भने गाउँका किसानले पनि बिनाधितो आफूलाई चाहिएको सहुलियतपूर्ण ऋण लिएर व्यवसाय गर्न सक्ने उनको भनाइ छ।

धरैजसो किसानले कृषिको नाममा लिएको पैसा अरू क्षेत्रमा लगाउन सक्ने आशङ्का गरिरहेको बेला मन्त्रालयका सचिव मिश्र भने सहुलियतपूर्ण ब्याजमा अरू व्यवसायमा लगाएको भेटिए तुरुन्तै अनुदान प्रक्रिया रोकिने बताउँछन्।

PRAKASH PANT/BBC

कृषि उद्यम किन न्यून?

कर्णालीका झन्डै ९० प्रतिशत मानिस कृषिमा आश्रित भएपनि व्यवसाय दर्ता गरेर कृषि उद्यम गरिरहेका किसानको सङ्ख्या भने एकदमै न्यून छ।

प्रदेश कृषि विकास निर्देशनालयले व्यक्तिगत फर्म दर्ता गरेर कृषि व्यवसाय गर्ने किसानको सङ्ख्या करिब ५-६ प्रतिशत जति मात्रै रहेको उल्लेख गरेको छ।

कालोसूचीमा नपरेका, प्यान नम्बर लिएका र व्यवसाय दर्ता गरेका किसानले मात्रै सहुलियत ब्याज पाउँछन्।

तरकारी उत्पादन, प्रशोधन, भण्डारण तथा विक्री-वितरण, पशुपक्षीपालन आदि २० वटा क्षेत्रमा व्यवसाय गरेका किसानले ब्याज सहुलियत पाउँछन् ।

PRAKASH PANT

कसरी हुन्छ ऋण प्रवाह?

किसानलाई सहुलियतपूर्ण कर्जा प्रवाह गर्न मन्त्रालयसँग सम्झौता गरेको कृषि विकास ब्याङ्कका उपमहाप्रबन्धक प्रताव सुवेदी कर्णालीका किसानलाई सरलीकृत ढङ्गले फास्ट ट्र्याकबाट ऋण प्रवाह गर्ने बताउँछन्।

ब्याङ्कले स्वीकृत भएको ऋण रकम एकैपल्ट नदिएर कामको आधारमा मात्रै चरणबद्ध रूपमा उपलब्ध गराउने उनले बताए।

व्यवसाय गरिरहेका किसानलाई बिनाधितो व्यावसायिक कृषि तथा पशुपक्षी कर्जा समेत दिँदै आएको ब्याङ्कले ब्याज अनुदानमा ऋण लिएका किसानले पाँच वर्षभित्र ऋण तिरिसक्नुपर्ने जनाएको छ।

तर कतिपयले भने राष्ट्र ब्याङ्कको निर्देशनमा क वर्गका ब्याङ्कले किसानलाई २.७५ प्रतिशत ब्याजदरमा ऋण उपलब्ध गराएको भन्दै कर्णाली सरकारले सहुलियतका नाममा त्योभन्दा तीनगुना बढी ब्याज तिर्नेगरी कृषि विकास ब्याङ्कसँग ब्याज अनुदान सम्झौता गरेको बताए।

विगतका वर्षहरूमा कर्णाली प्रदेश सरकारले किसानको नाममा आफ्ना पार्टी निकटस्थ व्यक्तिहरूलाई मात्रै अनुदानका कार्यक्रम दिएको गुनासो गर्दै किसानहरू यस पटक पनि पहिलेको जस्तो हुन्छ कि भन्ने चिन्ता व्यक्त गर्छन्।

मुख्य समाचार

नेपाल र यूएईबीच खेल जारी, क्रिकेटमा यस्तो छ दुई देशको इतिहास

३ घण्टा पहिले

भुटानी राजनीतिक बन्दी रिहाइका लागि किन खोजिँदैछ भारतको सहयोग?

१ घण्टा पहिले

उत्तर कोरियाद्वारा जापान-कोरिया शीर्ष वार्ताअघि लामो दूरीको क्षेप्यास्त्र प्रहार, त्यो कति शक्तिशाली थियो?

१ घण्टा पहिले

अनि यो पनि

रुसी विमानसँग ठोक्किएपछि अमेरिकी ड्रोन दुर्घटनाग्रस्त

१५ मार्च २०२३

लामो अनुपस्थितिपछि जापानका एक यूट्यूबर सांसद निष्कासित

१५ मार्च २०२३

अमेरिका, यूके र अस्ट्रेलिया परमाणु पनडुब्बी परियोजनामा सहमत

१४ मार्च २०२३

उडिरहेको भारतीय विमानमा यात्रुको मृत्यु, पाकिस्तानमा आकस्मिक अवतरण

१४ मार्च २०२३

जब अमेरिकामा जङ्गली बिरालोको शरीरमा लागुपदार्थको अंश भेटियो

१४ मार्च २०२३

सुरक्षा लगानी बढाउँदै यूके, चीन र विश्व व्यवस्थाबारे चर्चा किन?

१४ मार्च २०२३

आफ्नै मान्यता ‘कुल्चिएका’ रामचन्द्र पौडेलको परीक्षा आरम्भ

१३ मार्च २०२३

भाइरसहरू कसरी प्रयोगशालाबाट चुहिएर बाहिरिन सक्छन्?

१३ मार्च २०२३

‘भूतलाई अलमल्याउन’ हुम्लामा मनाइने अनौठो खालको चैतलो पर्व

१२ मार्च २०२३

धेरै पढिएको

१ **नेपालले बिहीवार यूएईसँग जिते, हारे वा बराबरी खेले के हुन्छ?**

२ **नेपाल र यूएईबीच खेल जारी, क्रिकेटमा यस्तो छ दुई देशको विगत**

३ **उत्तर कोरियाद्वारा जापान-कोरिया शीर्ष वार्ताअघि लामो दूरीको क्षेप्यास्त्र प्रहार, त्यो कति शक्तिशाली थियो?**

४ **पोल्यान्डमा भेटियो रुसी जासुसहरूको सञ्जाल, तोडफोड गरेको आरोपमा पक्राउ**

५ विश्वासको मतपछि प्रधानमन्त्रीमा ‘आलोपालो-सम्झौता’

बीबीसीको विश्वसनीयता

प्रयोगका सर्तहरू

कुकीज

बीबीसीको बारेमा

बीबीसीलाई सम्पर्क गर्नुहोस्

गोपनीयता नीति

AdChoices / Do Not Sell My Info

© 2023 बीबीसी। अन्य वेबसाइटका सामग्रीहरूका लागि बीबीसी जिम्मेवार छैन। **बाह्य वेबसाइटको लिङ्क प्रयोग सम्बन्धमा हाम्रो नीति पढ्नुहोस्।**